# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

(प. लि. द. नं. १५७१०१/०७३/०७४)

## वि.सं. २०८१ साल मंसिर ०६ गते बिहीबारका दिन सेलिब्रेसन हाईट्स, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको आठौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका

## Minute of 8th Annual General Meeting

(क) पृष्ठभूमि :

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आठौं वार्षिक साधारण सभा मिति २०८१ साल मंसिर ०६ गते (तदनुसार २१ नोभेम्वर, २०२४), बिहीबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौ, सुकेधारा स्थित सेलिब्रेसन हाईट्समा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले समितिका सञ्चालक सदस्यहरू, कम्पनीका शेयरधनीमहानुभावहरू, आमन्त्रित वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई आठौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनका तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित रामेछाप तथा ओखलढुङ्गा जिल्लाको सीमा भएर बग्ने लिखु खोलामा निर्मित २८.१ मे.वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतीकरण गरिनुका साथै आयोजनाका बारेमा श्रव्य-दृष्य (अडियो-भिडियो) मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको ०१:१५ बजे समापन भएको थियो ।

(१) <u>सभाको सूचना तथा प्रकाशन :</u>

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल कार्तिक ०५ (तदनुसार २१ अक्टोबर, २०२४) गते *बसेको बैठकको निर्णयानुसार आयोजित यस आठौं वार्षिक साधारण सभाको जानकारीका लागि मिति* २०८१ साल कार्तिक ०६ (तदनुसार २२ अक्टोबर, २०२४) गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा २०८१ साल कार्तिक १४ (तदनुसार ३० अक्टोबर, २०२४) गतेको आर्थिक राष्ट्रिय दैनिकमा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट www.swetgangahydropower.com मा पनि राखिएको थियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

## (२) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री अनुप कुमार उपाध्याय<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| डा. सुवर्णदास श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.) | सञ्चालक-सदस्य |
| श्री गृष्म ओझा<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्री शान्ति निरौला (ओझा) | सञ्चालक-सदस्य |
| श्री भरत रेग्मी | सञ्चालक-सदस्य |
| श्री दिलिप श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री कन्हैया कुमार मानन्धर | स्वतन्त्र सञ्चालक |

### (आ) कम्पनीका पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| श्री सजन श्रेष्ठ | महा-प्रबन्धक |
| श्री अंगुरा कोइराला | कम्पनी सचिव |
| श्री कृष्ण अधिकारी | वित्त प्रमुख |

### (इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :

| | |
|---|---|
| श्री सुयोग्य भण्डारी<br>(प्रतिनिधि एस. ए. आर. असोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्टस्) | लेखापरीक्षक |
| श्री भिष्मराज चालिसे<br>(प्रतिनिधि सानिमा क्यापिटल लि.) | शेयर रजिष्ट्रार |

### (ई) शेयरधनीहरूको उपस्थिति :

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | ९० जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | १२८ जना |
| ३. जम्मा उपस्थित संख्या | - | २१८ जना |

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

### (३) आठौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

१. कम्पनीको सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ. व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. विविध ।

### (४) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,५५,६९६ | ९० | १२८ | २१८ | ०.१४ % |
| कम्पनीको शेयर संख्या | १,५९,३०,००० | १,११,९५,८१७ | २,३९,२०० | १,१४,३५,०१७ | ७१.७८ % |

## (ख) सभाको वैधानिकता

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या **२१८** भएको र कूल बाँडफाँड भएको **७१.७८%** प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भई, आठौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

## (ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८०/८१ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट वरिष्ठ इन्जिनियर श्री आशिस ढकालज्यूले यस कम्पनीद्वारा रामेछाप जिल्लाको लिखु तामाकोशी गा. पा. र ओखलढुङ्गा जिल्लाको लिखु गा. पा. को सिमाना भएर बग्ने लिखु नदीको पानी प्रयोग गरी प्रवर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.) को सञ्चालनको अवस्था, विद्युत उत्पादन, कम्पनीको संस्थागत

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरण तथा श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराउनु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

### (अ) श्री सत्रुघन श्रेष्ठ

नेपालका जलविद्युत कम्पनीहरूमा यो कम्पनी सहितका सानिमा समूह अन्तर्गतका अन्य कम्पनीहरू उत्कृष्ट कम्पनीको रूपमा रहेका छन् । कम्पनी उत्कृष्ट र राम्रो भएकै कारण आ.व. २०८०/८१ मा बि प्लस क्रेडिट रेटिङ्ग प्राप्त गरेको छ । यस कम्पनीले आयोजना निर्माणका लागि लिइएको बैंक कर्जाको नियमित भुक्तानी गर्दै आगामी वर्षबाट शेयरधनीलाई प्रतिफल पनि दिनेछ । इमान्दारिताका साथ संस्थाको सुशासन कायम राख्दै आयोजना चाडै सम्पन्न गरी विद्युतको व्यापारिक उत्पादन गर्न कम्पनी सफल भएको छ । कम्पनीले विद्युत रोयल्टी भुक्तानी मार्फत नेपालको अर्थतन्त्रमा सहयोग पुऱ्याएको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजना क्षेत्रका स्थानीय जनतालाई गर्नु भएको सहयोगका लागि हार्दिक धन्यवाद दिंदै यस्ता कार्यहरूलाई निरन्तरता दिनु हुनेछ भन्ने अपेक्षा गर्दछु । जोखिम व्यवस्थापनका लागि आयोजनाको बीमा र कर्मचारीहरूका लागि स्वास्थ्य तथा दुर्घटना बीमा गर्नु कम्पनीको राम्रो कार्य हो । कर्मचारीहरू कम्पनीका शक्ति भएकोले उहाँहरूको सेवा सुविधामा ध्यान दिनु पर्दछ । आगामी वर्षहरूमा कम्पनीले बैंक ऋणको व्याजदर घटाउँदै, आम्दानी उच्च बनाई उत्तरोतर प्रगति गर्नका लागी कामना गर्दछु ।

### (आ) श्री जगनाथ आचार्य

कम्पनीले आठौं वर्ष पूरा गरेतापनि नाफा आर्जन गर्न नसकेको र वित्तीय परिसूचक नकारात्मक देखिएकोमा दुःख लागेको छ । आयोजना स्थलमा समय समयमा देखिने समस्यालाई समाधान गर्दै नोक्सान नियन्त्रणमा ध्यान दिन अनुरोध गर्दछु । कम्पनीको आयोजना सञ्चालनमा आई विद्युतको व्यापारिक उत्पादन सुरू भएको थहाँ पाउँदा खुसी लागेको छ । कम्पनीको खर्चमा नियन्त्रण गरी आम्दानी बढाउन सकिन्छ, जलविद्युत क्षेत्रमा मात्र सिमित नरही आयोजना स्थलमा कृषि, माछापालन, कफी आदि व्यवसायमा समेत संलग्न भई आय-आर्जन गर्न सकिन्छ । हाल बैंकको व्याजदर घट्दै गएको हुँदा आयोजनाको बैंक कर्जाको व्याजदर घटाउनका लागि पहल गर्न अनुरोध गर्दछु साथै बैंक कर्जा लिई नयाँ आयोजना विकास गर्ने सम्बन्धमा सञ्चालक समितिको के राय छ जान्न चाहन्छु । सभामा पेश गरिएको कम्पनी तथा आयोजनाको प्रगति झल्किने श्रव्य-दृश्य प्रस्तुतीकरण प्रभावकारी थियो । संस्थागत सामाजिक उत्तरदायित्व, कम्पनीको पादर्शिता तथा कर्मचारीहरूको सेवा सुविधामा ध्यान दिनु पर्दछ । सानिमा समुहबाट प्रवर्द्धित भएकोले सोको पहिचानका लागि कम्पनीको नामको अगाडि सानिमा जोडी नाम परिवर्तन गर्न आगामी साधारण सभामा नाम प्रस्ताव राख्नका लागि सुझाव दिन चाहन्छु । लेखापरीक्षक शुल्क गत वर्ष भन्दा नबढाई लेखापरीक्षक नियुक्तिका लागि अनुरोध गर्दछु । मुलुकलाई अँध्यारोबाट उज्यालो तर्फ डोऱ्याउने जस्तो सद्दानीय कार्यलाई निरन्तरता दिंदै आगामी वर्षमा बोनस शेयरको रूपमा लाभांश वितरण गर्नका लागि अनुरोध गर्दछु ।

### (इ) श्री बैजुनाथ प्रसाद रौनियार

अध्यक्षज्यूको मन्तव्य तथा कम्पनीको वार्षिक प्रतिवेदन मार्फत कम्पनीको हालको अवस्था र भविष्यको योजनाका सम्बन्धमा उपलब्ध गराइएको जानकारी राम्रो लाग्यो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नु भएको कार्य राम्रो छ । आगामी आ.व. मा उचित प्रतिफल पाउने ठाउँमा लगानी गर्न अनुरोध गर्दछु । चुनौतीहरूको व्यवस्थापन तथा निराकरण भई रहेको सम्बन्धमा श्रव्य-दृश्य प्रस्तुतीकरण मार्फत समेत जानकारी पाएकोमा खुसी छु । आयोजना २०७९ सालमा मात्र सञ्चालनमा आएको हुनाले यस वर्ष लाभांश दिन नसकेको विषयमा हामी प्रष्ट रहेका छौं । कम्पनीको उत्तरो उत्तर प्रगतिको कामना गर्दै आगामी वर्ष लाभांश दिनुहुने आशा गर्दछु ।

### (ई) श्री निरूपमा गुप्ता

कम्पनीको वित्तीय अवस्था ऋणात्मक भएतापनि श्रव्य-दृश्य प्रस्तुतीकरण मार्फत कम्पनीको प्रयास राम्रो देखिएकोमा धन्यवाद दिन चाहन्छु । श्रव्य-दृश्य प्रस्तुतीकरणले आयोजनास्थलमा नै भ्रमण गरेको अनुभूती भयो । संस्थागत सामाजिक उत्तरदायित्व, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य अन्तर्गत गरिएका कार्यहरू सह्रानीय छ, यसलाई निरन्तरता दिनु होला । स्थानीय विपन्न र निर्धनहरूका लागि शिक्षामा विशेष ध्यान दिई लगानी गर्न अनुरोध गर्दछु । कृषि, पशुपालनमा सहयोग गरी स्थानीयका लागि रोजगारीतामा ध्यान दिन अनुरोध गर्दछु । बि प्लस क्रेडिट रेटिङ्ग प्राप्त गरेको प्रगति पथ तर्फ अगाडि बढेको सफल कम्पनीको शेयरधनी हुन पाएकोमा गौरवान्वित ठान्दछु । आगामी वर्षमा लाभांश वितरण गर्ने गरी कार्य सम्पादन गर्न अनुरोध गर्न चाहन्छु । ह्रास कट्टीका कारण प्रशासनिक खर्च गत वर्षको तुलनामा बढि देखिनु ठीकै हो । खर्चमा मितव्ययीता अपनाई अगाडि बढ्नु होला । कम्पनीलाई आगामी दिनमा प्रगति पथ तिर डोऱ्याउनका लागि के कस्तो रणनीति र लगानी नीति तयार पार्नु भएको छ सो सम्बन्धी जानकारी दिनुहोला ।

### (उ) ब्रम्हदेव शाक्य

कम्पनीद्वारा प्रवर्द्धित जलविद्युत आयोजना विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले घाटा बेहोर्नु परेतापनि मानवीय कारणहरूको समस्या समाधान भई सकेको हुनाले आ.व. २०८०/८१ मा घाटा बेहोर्नु परेता पनि आगामी आ.व. बाट आम्दानी घनात्मक हुने कुराले हामीलाई उत्साहित बनाएको छ । जलविद्युत जस्तो जोखिमपूर्ण, कठिन एवं लामो समय धैर्य गरी आयोजना सम्पन्नभई विद्युत उत्पादन गरी बिक्री गर्न सक्नु नै ठूलो उपलब्धी मान्नु पर्दछ । परियोजनाले निश्चित समय पार गरि सके पछि निश्चित रूपमा हामी शेयरधनीहरूले प्रतिफल पाउने नै छौं । यस कम्पनीको दोस्रो परियोजना पनि यथाशिध्र थालनी हुने वातावरण तयार होस् भन्ने कामना गर्दछु । यसका अलवा अन्य क्षेत्र तर्फ सोच बनाउन समेत अनुरोध गर्दछु । बैंक कर्जा घटाउनका लागि हकप्रद शेयर जारी गर्न सुझाव दिन चाहन्छु । यस वर्ष आएको बाढीका कारण कम्पनीको आयोजनामा कुनै क्षति नपुगेकोमा प्रकृति प्रति नमन गर्दछु । तथापि बाढी पहिरो बाट पिडित व्यक्तिहरूलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत राहत प्रदान गर्नु हुन अनुरोध गर्दछु । कम्पनीको उन्नति र प्रगतिका लागि काम गर्नु हुने सबैलाई धन्यवाद दिँदै आगामी दिनहरू अझ शुभ बन्दै जाओस् भन्ने कामना गर्दछु ।

### (ऊ) श्री सुदिप श्रेष्ठ

अडियो भिडियोबाट कम्पनीको बारेमा आधि भन्दा बढि जानकारी पाएका छौं र यो कार्यलाई आगामी दिनहरूमा निरन्तरता दिन अनुरोध गर्दछौं । यसबाट हामीले कम्पनीले गर्दै आएको कार्यहरूका बारेमा प्रमाण सहित जानकारी पाएका छौं । साँवा व्याज समयमा नै भुक्तानी गर्नु होला । प्राकृतिक विपत्तीको

समयमा नै न्यूनीकरणका लागि उपाय अपनाउन अनुरोध गर्न चाहन्छु । आयोजना पूर्ण रूपमा सञ्चालन गरी विद्युत उत्पादनमा वृद्धि गरी आम्दनी बढाउन विशेष ध्यान दिन अनुरोध गर्न चाहन्छु । भविष्यमा लाभांश वितरण गरी शेयरधनीको मुहारमा खुसी ल्याउनका लागि अनुरोध गर्दै कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

### (ए) श्री इन्द्र कृष्ण श्रेष्ठ

शेयरधनीहरूको उपस्थिति ठूलो संख्यामा हुने गरी आगामी साधारण सभा अन्य कम्पनीहरूसँग नजुध्ने गरी गर्न लागि अनुरोध गर्दछु । सक्षम र इमान्दारी सञ्चालक समिति तथा कर्मचारीका कारण कम्पनीको प्रगति विवरण राम्रो देखें । संस्थाको जगका रूपमा रहनु भएका सञ्चालक समितिका सदस्य डा. सुवर्ण दास श्रेष्ठलाई यो भन्दा राम्रो काम गरी अगाडि बढ्न अनुरोध गर्न चाहन्छु । विद्युत विक्रीबाट प्राप्त आम्दानीले कम्पनी राम्रो पथमा रहेको देखेको छु । सानिमा समूह अर्न्तगतका अन्य कम्पनीको ठूलो लगानी रहेको हुनाले लगानीको राम्रो प्रतिफल पाउनेमा म ढुक्क छु । श्रव्य-दृष्य प्रस्तुतीकरण मार्फत सबै कुरा पारदर्शी रूपमा प्रस्तुत गर्नु भएको छ । सञ्चालक समितिका सदस्यहरूलाई सफलताको कामना गर्छु ।

### (ऐ) गोविन्द बहादुर के.सी.

जलविद्युत कम्पनीले शुरूवातदेखि नै प्रतिफल दिने अवस्था हुँदैन । कम्पनी मजवुत बनाई सकेपछि लाभांशको आशा गर्नु उपयुक्त हुन्छ । क्यास्केड आयोजनाको सम्भाव्यता अध्ययन गरेको विषय खुसीको कुरा हो र यसको निर्माण गर्न हालको सञ्चालक समिति सक्षम रहेको छ । जलवायु परिवर्तनले विद्युत उत्पादनमा असर पार्दछ । यस्ता चुनौतीहरूलाई सामना गर्दै सञ्चालक समिति र कम्पनी व्यवस्थापनले सुझबुझ पूर्ण साथ काम गर्दै अगाडि बढ्न सकोस् भन्ने शुभकामना गर्दछु । खर्चमा मितव्ययिता अपनाउन, अधिकतम विद्युत उत्पादन गरी विक्री गर्न, र कम्पनीलाई नाफामा लान सकियोस भन्ने कामना गर्दछु । नेपाल सरकारले वि.सं. २०३५ सम्म २८,५०० मे.वा. क्षमताका विद्युत उत्पादन गर्ने लक्ष्य लिए अनुरूप विद्युत उत्पादनको भविष्य लामो समय सम्म रहि रहने र यसले विभिन्न क्षेत्रमा अवसर सिर्जना गर्दै देशको आर्थिक अवस्थामा सुधार ल्याउने देखाउँछ । जलविद्युतमा सानिमा समूहको महत्वपूर्ण योगदान रहेको छ । आगामी वर्षमा विद्युत विक्रीबाट राम्रो आम्दानी गरी १, २ वर्ष पछि लगातार लाभांश वितरण गर्नका लागि सञ्चालक समिति र कम्पनी व्यवस्थापनले विवेक साथ काम गर्नु हुनेछ भन्ने कामना गर्दछु ।

### (ओ) श्री इन्द्र प्रसाद लामिछाने

चाँडै नै साधारण सभा गर्नु भएकोमा धन्यवाद र आगामी वर्ष अझ चाँडै गर्नुहुन अनुरोध गर्दछु । कम्पनी तथा आयोजनाको गतिविधि सम्बन्धी श्रव्य-दृष्य प्रस्तुतीकरण मार्फत जिज्ञासाहरू पूरा भएको छ । कम्पनीको दीर्घकालिन योजना सफल होस् । खर्चमा मितव्ययिता अपनाई अगाडि बढ्न अनुरोध गर्दछु । कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

### (औ) श्री कृष्ण प्रसाद अधिकारी

समयमा नै सभा गर्नु भएकोमा धन्यवाद । वार्षिक प्रतिवेदनमा एक प्रतिशत भन्दा बढि शेयर हुने शेयरधनीको नामावली राख्नु होला । राष्ट्रिय पोसाकमा हाजिर हुनु भएकोमा धन्यवाद । योग्यता अनुसार सक्षम व्यक्ति सञ्चालक समितिमा हुनु हुन्छ । सर्वसाधरण शेयरधनीहरूलाई पनि आयोजना स्थलमा भ्रमण गराउन अनुरोध गर्दछु । कम्पनीको कल्याणको कामना गर्दछु ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

**(अं) लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्यको सार)**

कम्पनीले यस आ.व. मा लाभांश नदिए पनि आगामी आ.व. मा शेयरधनीलाई लाभांश दिनेमा म विश्वस्त छु । कम्पनीले आर्थिक सुशासनलाई कायम गर्दै समयमा नै साधारण सभा गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी साधारण सभा पनि समयमै हुनेमा विश्वस्त छु । गएको विनाशकारी बाढीले हाम्रो आयोजनामा के कति क्षति पुगेको छ सो सम्बन्धमा प्रष्ट गरि दिनु होला । आजको दिन सम्म कम्पनीलाई यहाँ सम्म ल्याउन काम गर्ने कर्मचारीहरू प्रति आभार प्रकट गर्दै साधारण सभामा पेश भएका प्रस्तावमा पूर्ण समर्थन जनाउँदै वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

**श्री अनुप कुमार उपाध्याय - सञ्चालक/अध्यक्ष**

कम्पनीको आठौं वार्षिक साधारण सभामा विभिन्न शेयरधनीहरूबाट व्यक्त उद्‌घार तथा सद्‌भावका शब्दहरू प्रति आभार व्यक्त गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- कम्पनी तथा आयोजना सञ्चालनका क्रममा आई पर्ने समस्याहरू पहिले नै पहिचान गरी त्यसलाई समयमा नै सम्बोधन गर्ने गरी रणनीति बनाई सोही बमोजिम कार्य सम्पादन गर्दै आएका छौं ।
- आयोजनाको निर्माण सम्पन्न भई सञ्चालनमा आई सकेको हुनाले नियमित मर्मत सम्भार तथा निरीक्षणका आवश्यक कार्यहरू भईरहेका छन् ।
- अनावश्यक खर्च नियन्त्रण गर्दै, मितव्ययिता अपनाउने कुरामा कम्पनी सचेत रहेको छ ।
- बैंक कर्जाको व्याजदर समय सापेक्ष न्यूनतम गर्ने विषयमा हामीले पहल गर्दै आएका छौं ।
- कम्पनीको व्यवसायिक क्षमताको विस्तार गर्दै लगानीकर्ताहरूलाई अधिकतम लाभ दिने उद्देश्यले तल्लो लिखु क्यास्केड जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र बमोजिमको अध्ययन कार्य सम्पन्न गरेका छौं । यसले कम्पनीको सम्वृद्धिका लागि अवश्य सहयोग पुऱ्याउने विश्वास लिएका छौं ।

साथै, अध्यक्षज्यूको आज्ञाले कम्पनीका सञ्चालक डा. सुवर्ण दास श्रेष्ठज्यू तथा महाप्रबन्धकज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**डा. सुवर्ण दास श्रेष्ठ - सञ्चालक**

कम्पनीका शेयरधनीहरूबाट अभिव्यक्त भएका धारणा, सुभेच्छा तथा उज्गारहरूले थप जिम्मेवारी आएको महसुस भएको कुरा सभा समक्ष व्यक्त गर्नु भयो । शेयरधनीहरूले गर्नु भएको प्रशंसा र विश्वासले थप जाँगरका साथ काम गरी प्रतिफल दिने वातावरण तयार पार्न तर्फ चाँडो भन्दा चाँडो लाग्नु पर्ने देखिएको कुरा जनाउनु भयो । सभामा आफ्नो जिज्ञासा, सद्‌भाव तथा सुझाव प्रति हृदय देखि धन्यवाद र आभार व्यक्त गर्दै आगामी दिनहरूमा अझ राम्ररी कार्य गर्ने प्रण गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- खर्चमा मितव्ययिता अपनाउने, विद्युत केन्द्रको नियमित निरीक्षण, मर्मत सम्भार गर्ने र चुस्त रूपमा सञ्चालन गर्ने तथा ऋण प्रदायक बैंकहरूसँग समय सापेक्ष रूपमा बैंक कर्जाको व्याजदर घटाउनमा हामी निरन्तर लागि रहेका छौं ।

- कर्मचारीहरूको प्रोत्साहनका लागि आवश्यक नीति अवलम्बन गरी कम्पनीमा अहोरात्र खटि काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने नीति अपनाएका छौ ।
- संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा हामीले विशेष ध्यान दिई शिक्षा, स्वास्थ्य, सडक, खानेपानी लगायतका विभिन्न क्षेत्रमा सहयोग गर्दै अएका छौ साथै, शेयरधनी महानुभावहरूको सुझाव अनुसार भविश्यमा समेत यस कार्यलाई अगाडि बढाउने छौं ।
- सानिमा हाइड्रो एण्ड इन्जिनियरिङको प्राविधिक परामर्श तथा इन्जिनियरीङ सेवामा यस तल्लो लिखु जलविद्युत आयोजनाको भौतिक निर्माण सम्पन्न गरिएको हुँदा स्तरीय परामर्श सेवा डिजाइन तथा सुपरीवेक्षण र हाई हिमाल हाईड्रो-बावरी कन्स्ट्रक्सको संयुक्त उपक्रमा भएको गुणस्तरिय निर्माण कार्यका कारण गत आश्विन ११, १२ गतेको भिषण बाढि पहिरोबाट समेत आयोजनाको संरचानहरूमा कुनै क्षति पुगेन तथापि पहुँच सडकमा केहि क्षति भएकोमा सोको मर्मत सम्भारको क्रममा रहेका छौं ।

**श्री सजन श्रेष्ठ - महाप्रबन्धक**

यस कम्पनीको महाप्रबन्धक पदका लागि योग्य ठानि विश्वास गर्नु भएकोमा सञ्चालक समिति प्रति हृदय देखि धन्यवाद दिँदै मेरो पदिय जिम्मेवारी इमान्दारिताका साथ निभाउने प्रतिवद्धता जनाउँदछु । सभामा शेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासाका सम्बन्धमा थप केहि प्रष्ट पार्न चाहन्छु ।

- आयोजनालाई राम्रो सँग सञ्चालनमा राख्नका लागि आयोजनाको संरचनाहरूको नियमित निरीक्षण जाँच गर्ने, आवश्यक नियमित तथा आकस्मीक मर्मत सम्भार गर्ने तथा आवश्यक जगेडा पार्ट-पूर्जाको समयमा नै व्यवस्थापन गर्ने कार्य गरिरहेका छौं ।
- ऋण प्रदायक बैंकहरूसँग बजारको अवस्था अनुसार नियमित संवाद गरी व्याजदर घटाउनेमा कम्पनी व्यवस्थापन निरन्तर प्रयासरत रहि रहने छौं ।
- कम्पनीलाई चाँडो नै नाफामा लानका लागि सदैव अग्रसर रहि कार्य गर्ने प्रण गर्दछु ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सबै प्रस्तावहरू सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(घ) सभाको निर्णयहरू :**

निर्णयार्थ आठौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

**१. कम्पनीको सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. कम्पनीको आ. व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८१ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद

प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर  छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक संस्था श्री JBRH & Company, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. २,००,०००/- (अक्षरेपी दुई लाख रूपैया मात्र) पारिश्रमिक तोकि लेखापरीक्षकमा नियुक्तिको लागि गरेको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८१/०८२ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव तथा पारिश्रमिक सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(४) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u> :**

सभा-अध्यक्षज्यूले कम्पनीको आठौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित महानुभावहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस आठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**श्री अंगुरा कोइराला**
कम्पनी सचिव

**श्री अनुप कुमार उपाध्याय**
सञ्चालक/अध्यक्ष